# सरोकारवाला विचारविमर्श मञ्च (Stakeholder Dialogue Platform) गठन तथा सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः** दिगो पशुपालन, स्वस्थ र गुणस्तरीय उत्पादन, प्रशोधन र बजारीकरणको लागि पशुपालन व्यवसायसँग आवद्ध विभिन्न सरोकारवालाहरुसँग समन्वय गरी सरकारले पशुपन्छी विकासका कार्यहरु गर्दै लैजानु पर्ने भएकोले पशुपालन व्यवसायलाई वातावरणमैत्री र जलवायु अनुकूल प्रविधिहरुको समेत उचित प्रयोगलाई ध्यानमा राखी दिगो विकास तथा प्रवर्द्धनको लागि सरकार र विभिन्न प्रमुख सरोकारवालाहरु (Key Stakeholders) बीच प्रत्यक्ष छलफलको लागि सरोकारवाला विचारविमर्श मञ्च (Stakeholder Dialogue Platform) को वातावरण तयार गर्न, उपभोक्ताहरुको माग तथा आवश्यकता अनुसार पशुजन्य पदार्थहरुको माग परिपूर्ति गर्न पशुपन्छी व्यवसायीहरुको क्षमतामा सुधार ल्याई आपसी प्रतिस्पर्धाको माध्यमबाट स्वस्थ र गुणस्तरीय उत्पादन हुन वाञ्छनीय भएकोले,

सुशासन (सुशासन व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले देहायको कार्यविधि तर्जुमा गरी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सरोकारवाला विचारविमर्श मञ्च (Stakeholder Dialogue Platform) गठन तथा संचालन कार्यविधि, २०७५" रहने छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि कार्यान्वयन हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "आयोजना" भन्नाले नेपाल लाईभस्टक सेक्टर इन्नोभेसन आयोजनालाई सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले "सरोकारवाला विचारविमर्श मञ्च (Stakeholder Dialogue Platform) गठन तथा संचालन कार्यविधि, २०७५" लाई सम्झनु पर्छ। "बैठक" भन्नाले यो कार्यविधि बमोजिम गठन भएको विभिन्न मञ्चहरुको बैठकलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "कार्यक्षेत्र" भन्नाले आयोजनाको कार्यक्षेत्रले ओगटेका जिल्लालाई सम्झनु पर्छ।

(ङ) "लक्षित वर्ग" भन्नाले आयोजनाको कार्यक्षेत्र भित्र रहेका साना पशुपालक कृषक, दुग्ध, मासु, पश्मिना व्यवसायीहरु तथा पशुजन्य व्यवसायमा संलग्न उत्पादकहरु, खरिदकर्ताहरु, व्यवसायीहरु र प्रशोधनकर्ताहरु सम्झनुपर्छ।

(च) "साझेदारहरु" भन्नाले आयोजना सञ्चालनमा सहयोगीको भूमिका निर्वाह गर्ने वित्तीय संस्था, गैरसरकारी संस्था एवं स्थानीय तहलाई सम्झनुपर्छ।

(छ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थानीय निकायसँग समन्वय राखी कार्य गरेका गैर नाफामूलक संस्थालाई सम्झनुपर्छ।

(ज) "समूह" भन्नाले विषयगत कार्यालय वा स्थानीय तहमा दर्ता भई सम्बन्धित विषयमा काम गर्ने उद्देश्यले स्थानीय स्तरमा गठन भएको समूहलाई सम्झनुपर्छ।

(झ) "सरोकारवाला" भन्नाले गाई/भैंसी/बाखा/च्याङ्ग्रापालक, दुग्ध/मासु/पश्मिना व्यवसायी, पशुपालन व्यवसायसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्था, फर्म, समूह, मञ्च, थोक तथा खुद्रा व्यवसायी, आयात तथा निर्यातकर्ता, उत्पादनकर्ता, प्रशोधनकर्ता र यसमा आवद्ध व्यक्तिहरुलाई सम्झनुपर्छ।

(ञ) "अनुगमन" भन्नाले लगानी तथा साधनको प्रवाह समुचित ढंगले भए, नभएको कार्य निरन्तर रुपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्छ।

३. **उद्देश्यहरुः** यो कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछः-

(क) पशुवस्तुहरुको उत्पादकत्व तथा उत्पादन वृद्धि गर्न, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि तथा साना पशुपालक तथा पशुवस्तु विशेष मूल्य श्रृङ्खलामा आधारित उद्यमहरुको जलवायु अनुकूल सुधार ल्याउन विभिन्न सरोकारवालाहरुबीच छलफल गर्न गराउन सरोकारवाला विचारविमर्श मञ्चको विकास गर्ने।

(ख) सरोकारवालाहरु बीच प्रत्यक्ष तथा दिगो साझेदारीको वातावरण सिर्जना गरी पशुजन्य वस्तुहरुको प्रवर्द्धनमा सहयोग पुर्‍याउने।

(ग) सरकार र सरोकारवालाहरु बीच आपसी समन्वय र सहयोगको माध्यमद्वारा स्वस्थ र गुणस्तरीय पशुजन्य उत्पादनमा सहयोग पुर्याउने।

(घ) सरकारद्वारा संचालित पशुपालन तथा पशुजन्य उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी सूचना प्रवाह संजाल (Network) मा सरोकारवालाहरुको पहुँचलाई निश्चित गर्ने।

(ङ) पशु आहारामा सुधार ल्याई पशुजन्य वस्तुको उत्पादन बढाउन सन्तुलित दाना तथा हरियो घाँसका कार्यक्रमहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयनमा ल्याउन सहयोग पुर्याउने।

(च) छनौट गरिएका पशुजन्य मूल्य श्रृङ्खलाहरु सम्वद्ध सरोकारवालाहरुको व्यवसायिक क्षमताको विकासमा सहयोग गर्ने।

(छ) सरोकारवाला विचारविमर्श मञ्चको माध्यमबाट पात्रहरु (Actors) बीच एक आपसमा विचार र अनुभवहरुको आदानप्रदान गरी कार्यमा विशेष वा नविन परिवर्तन ल्याउने।

(ज) प्रत्येक पात्र (Actors) को आफैमा काम प्रति प्रण गर्ने ईच्छा जगाउन सरोकारवाला विचारविमर्श मञ्चको उपयोग गर्ने।

(झ) सरोकारवाला विचारविमर्श मञ्चको माध्यमबाट स्रोत र साधनको प्रयोगमा प्रभावकारिता ल्याउने।

(ञ) सरोकारवाला विचारविमर्श मञ्चको माध्यमबाट सरोकारवालाहरुको समस्या समाधान गर्ने क्षमता बढाउने।

(ट) सरोकारवालाहरुलाई सम्झौता अनुसार कार्य गर्न सहज बनाउन सरोकारवाला विचारविमर्श मञ्चको उपयोग गर्ने।

(ठ) उप-आयोजनाहरुको प्रभावकारिता वृद्धि गर्न आवश्यक सुझाव दिने।

४. **केन्द्रियस्तर सरोकारवाला विचारविमर्श मञ्चः** केन्द्रियस्तर सरोकारवाला विचारविमर्श मञ्चमा देहाय बमोजिमका सदस्यहरु रहेनछन्,-

(क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी) -संयोजक

(ख) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखा -सदस्य

(ग) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास महाशाखा -सदस्य

(घ) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु स्वास्थ्य महाशाखा -सदस्य

(ङ) महानिर्देशक, पशु सेवा विभाग -सदस्य

(च) कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास बोर्ड -सदस्य

(छ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग -सदस्य

(ज) पशु सेवा विभाग, आयोजना समन्वय इकाइ प्रमुख -सदस्य

(झ) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(ञ) प्रतिनिधि, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ट) प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ठ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग -सदस्य

(ड) निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् (पशु तथा मत्स्य महाशाखा) -सदस्य

(ढ) प्रतिनिधि, नेपाल पशु चिकित्सा परिषद् -सदस्य

(ण) सदस्य सचिव, राष्ट्रिय किसान आयोग -सदस्य

(त) महाप्रबन्धक, दुग्ध विकास संस्थान -सदस्य

(थ) प्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्च (१जना) -सदस्य

(द) प्रतिनिधि, मासु व्यवसायी संघ (१ जना) -सदस्य

(ध) प्रतिनिधि, डेरी उद्योग संघ (१ जना) -सदस्य

(न) प्रतिनिधि, नेपाल डेरी एशोसिएसन (१ जना) -सदस्य

(ऩ) प्रतिनिधि, पश्मिना व्यवसायी संघ (१ जना) -सदस्य

(प) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ (१ जना)
(कृषि उद्यम केन्द्र) -सदस्य

(फ) प्रतिनिधि, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ (१ जना) -सदस्य

(ब) प्रतिनिधि, केन्द्रीय गाई व्यवसायी महासंघ (१ जना) -सदस्य

(भ) प्रतिनिधि, केन्द्रीय भैंसी व्यवसायी महासंघ (१ जना) -सदस्य

(म) प्रतिनिधि, राष्ट्रिय भैंसी विज्ञ समाज (१ जना) -सदस्य

(य) प्रतिनिधि, केन्द्रीय बाखा/च्याङग्रा व्यवसायी महासंघ (१ जना) -सदस्य

(र) प्रतिनिधि, भेटेरिनरी औषधि व्यवसायी संघ (१ जना) -सदस्य

(ऱ) प्रतिनिधि, दाना व्यवसायी संघ (१ जना) -सदस्य

(ल) प्रतिनिधि, केन्द्रीय पशुपन्छी पालन सहकारी संघ -सदस्य

(व) आयोजना निर्देशक, नेपाल लाइभस्टक
सेक्टर ईन्नोभेसन आयोजना -सदस्य सचिव

(२) मञ्चले आवश्यकता अनुसार बढिमा ३ देखि ५ जना विषय विज्ञलाई मञ्चको वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

५. **केन्द्रियस्तर सरोकारवाला विचारविमर्श मञ्चको काम, कर्तव्य र अधिकारः** केन्द्रियस्तर सरोकारवाला विचारविमर्श मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) राष्ट्रियस्तरमा विभिन्न प्रमुख सरोकारवालाहरु (Key Stakeholder) बीच समन्वय गराई कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको लागि सहजीकरण गर्ने।

(ख) पशुजन्य उत्पादन, प्रशोधन, बजारीकरणका साथै स्वस्थ र गुणस्तरीय पशुजन्य उत्पादन सम्बन्धि छलफलबाट आएका बुँदाहरुलाई कार्यान्वयनमा ल्याउन सल्लाह सुझाव दिने ।

(ग) विवादित समस्याहरुलाई समयमै समाधानको व्यवस्था मिलाउन आयोजना निर्देशक समितिमा पेश गर्ने।

(घ) छलफलबाट निर्णय भएका प्रमुख तथा विशेष बुँदाहरुलाई प्रदेश र जिल्लास्तर सरोकारवाला विचारविमर्श मञ्चमा कार्यान्वयनको लागि पठाउने ।

६. **प्रदेशस्तर सरोकारवाला विचारविमर्श मञ्च:** (१) प्रदेशस्तर सरोकारवाला विचारविमर्श मञ्च को गठन देहाय बमोजिम हुनेछ:-

| | | |
|---|---|---|
| (क) | निर्देशक, प्रादेशिक पशु सेवा तथा मत्स्य विकास निर्देशनालय | -संयोजक |
| (ख) | प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (आयोजना लागु भएका जिल्लाहरु मात्र) | -सदस्य |
| (ग) | प्रमुख, क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला | -सदस्य |
| (घ) | प्रमुख, क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण प्रयोगशाला | -सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (च) | प्रतिनिधि, उपभोक्ता मञ्च (१ जना) | -सदस्य |
| (छ) | प्रमुख, क्षेत्रीय दुग्ध वितरण आयोजना (डि.डि.सी) | -सदस्य |
| (ज) | प्रतिनिधि, मासु व्यवसायी संघ/संस्था (१ जना) | -सदस्य |
| (झ) | प्रतिनिधि, गाई व्यवसायी संघ (१ जना) | -सदस्य |
| (ञ) | प्रतिनिधि, भैंसी व्यवसायी संघ (१ जना) | -सदस्य |
| (ट) | प्रतिनिधि, पश्मिना व्यवसायी संघ (१ जना) | -सदस्य |
| (ठ) | प्रतिनिधि, प्रादेशिक उद्योग वाणिज्य संघ (१ जना) | -सदस्य |
| (ड) | प्रतिनिधि, प्रादेशिक दुग्ध उत्पादक सहकारी संघ (१ जना) | -सदस्य |
| (ढ) | प्रतिनिधि, बाख्रा/च्याङ्ग्रा व्यवसायी संघ (१ जना) | -सदस्य |
| (ण) | प्रतिनिधि, भेटेरिनरी औषधि व्यवसायी संघ (१ जना) | -सदस्य |
| (त) | प्रतिनिधि, दाना व्यवसायी संघ (१ जना) | -सदस्य |
| (थ) | प्रमुख, विकेन्द्रिकृत आयोजना सहयोग इकाई (DLSU) प्रमुख | -सदस्य सचिव |

(२) मञ्चले आवश्यकता अनुसार बढिमा ३ जना विषय विज्ञलाई मञ्चको वैठकमा आमन्त्रण गर्न सकिनेछ।

७. **प्रदेशस्तर सरोकारवाला विचारविमर्श मञ्चको काम, कर्तव्य र अधिकार:** प्रदेशस्तर सरोकारवाला विचारविमर्श मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-

(क) कार्यक्षेत्रले ओगटेका जिल्लाहरुको पशुपालन व्यवसायसँग सम्वद्ध विभिन्न प्रमुख सरोकारवालाहरु (Key Stakeholder) बीच समन्वय गराई कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको लागि सहजीकरण गर्ने।

(ख) अन्तरक्रियाको माध्यमबाट पशुजन्य उत्पादन, प्रशोधन, बजारीकरणका साथै स्वस्थ र गुणस्तरीय पशुजन्य उत्पादनमा सरोकारवालाहरुको भूमिका बारे जानकारी गराउने।

(ग) मञ्चले आफ्नो कार्य क्षेत्र भित्रका प्रमुख सरोकारवाला (Key Stakeholders) हरुको अभिलेख दुरुस्त बनाई राख्ने व्यवस्था मिलाउने।

(घ) पशु सेवा सम्बन्धी सूचना प्रणाली प्रक्रियामा सरोकारवालाहरुको पहुँचलाई निश्चित गर्न सहयोग गर्ने।

(ङ) छलफलबाट निर्णयमा आएका बुँदाहरुलाई कार्यान्वयनमा ल्याउन व्यवस्था मिलाउने।

(च) छलफलबाट भएका निर्णयहरुलाई समयमा नै केन्द्रीयस्तर सरोकारवाला विचारविमर्श मञ्च (Stakeholder Dialogue Platform) मञ्चमा पठाउने व्यवस्था मिलाउने।

(छ) छलफलमा देखिएका विवादित विषयहरुलाई समयमै समन्वय गरी समाधानको व्यवस्था मिलाउने र समाधान हुन नसकेका बुँदाहरुलाई केन्द्रीयस्तर सरोकारवाला विचारविमर्श मञ्च (Stakeholder Dialogue Platform) को मञ्चमा आवश्यक सुझाव र निर्देशनको लागि अनुरोध गरी पठाउने। मञ्चले आफ्नो कार्य क्षेत्र भित्र सञ्चालन भएका उप-आयोजनाहरुको संयुक्त अनुगमन गरी समय समयमा कार्यक्रमको प्रभावकारिताका लागि सुझाव दिने।

८. **जिल्लास्तर सरोकारवाला विचारविमर्श मञ्चः** जिल्लास्तर सरोकारवाला विचारविमर्श मञ्चको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | जिल्ला समन्वय अधिकारी, | -संयोजक |
| (ख) | प्रमुख वा प्रतिनिधि, विकेन्द्रिकृत आयोजना सहयोग इकाई (DLSU) | -सदस्य |
| (ग) | प्रतिनिधि, उपभोक्ता मञ्च (१ जना) | -सदस्य |
| (घ) | प्रतिनिधि, मासु व्यवसायी संघ (१ जना) | -सदस्य |
| (ङ) | प्रतिनिधि, दुग्ध व्यवसायी संघ (१ जना) | -सदस्य |
| (च) | प्रतिनिधि, गाई व्यवसायी संघ (१ जना) | -सदस्य |

| | | |
|---|---|---|
| (छ) | प्रतिनिधि, भैंसी व्यवसायी संघ (१ जना) | -सदस्य |
| (ज) | प्रतिनिधि, पश्मिना व्यवसायी संघ (१ जना) | -सदस्य |
| (झ) | प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ (१ जना) | -सदस्य |
| (ञ) | प्रतिनिधि, जिल्ला दुग्ध उत्पादक सहकारी संघ (१ जना) | -सदस्य |
| (ट) | प्रतिनिधि, बाख्रा/च्याङ्ग्रा व्यवसायी महासंघ (१ जना) | -सदस्य |
| (ठ) | प्रतिनिधि, केन्द्रीय पशुपन्छी पालन सहकारी संघ | -सदस्य |
| (ड) | प्रतिनिधि, भेटेरिनरी औषधि व्यवसायी संघ (१ जना) | -सदस्य |
| (ढ) | स्थानीय तहका पशु सेवामा कार्यरत प्रमुखहरु आमन्त्रण गरिने | -सदस्य |
| (ण) | प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | -सदस्य सचिव |

९. **जिल्लास्तर सरोकारवाला विचारविमर्श मञ्चको काम, कर्तव्य र अधिकारः** जिल्लास्तर सरोकारवाला विचारविमर्श मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) जिल्ला भित्र पशुपालन व्यवसायसँग सम्वद्ध विभिन्न प्रमुख सरोकारवालाहरु (Key Stakeholder) बीच समन्वय गराई कार्यक्रम तर्जुमा तथा कार्यान्वियनको लागि सहजीकरण गर्ने।

(ख) छलफल तथा गोष्ठी कार्यक्रम सञ्चालन गरी पशुजन्य उत्पादन, प्रशोधन, बजारीकरणका साथै स्वस्थ र गुणस्तरीय पशुजन्य उत्पादनमा सरोकारवालाहरुको भूमिका बारे जानकारी गराउने।

(ग) पशु सेवा व्यस्थापन सूचना प्रणालीलाई आवश्यक सहयोग गर्ने तथा सूचना प्रणालीमा सरोकारवालाहरुको पहुँचलाई सुनिश्चित गर्न सहयोग गर्ने।

(घ) छलफलबाट निर्णय भएका बुँदाहरुलाई कार्यान्वयन गर्न व्यवस्था मिलाउने।

(ङ) छलफलबाट प्राप्त निर्णयहरुलाई समयमा नै केन्द्रीयस्तर र प्रदेशस्तर मञ्चमा पठाउने व्यवस्था मिलाउने।

(च) छलफलमा देखिएका विवादित बुँदाहरुलाई समयमै समन्वय गरी समाधानको व्यवस्था मिलाउने र समाधान हुन नसकेको बुँदाहरुलाई केन्द्रीयस्तर मञ्चमा आवश्यक सुझाव र निर्देशनको लागि पठाउने।

(छ) कार्य क्षेत्र भित्रका प्रमुख सरोकारवालाहरु र पशु तथा पशुजन्य वस्तुहरुको अभिलेख दुरुस्त बनाई राख्ने व्यवस्था मिलाउने।

(ज) आयोजना क्षेत्रमा पशुपालन व्यवसायलाई प्रभाव पार्ने आवश्यक सामग्रीहरु (दाना, पश्मिना, औषधि, दूध, मासु, घाँस) सम्बन्धी विषयका समस्याहरुलाई जिल्लास्तरमा समाधान गर्ने।

१०. **बैठकः** (१) केन्द्रियस्तर सरोकारवाला विचारविमर्श मञ्च, प्रदेशस्तर सरोकारवाला विचारविमर्श मञ्च र जिल्लास्तर सरोकारवाला विचारविमर्श मञ्चको वैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैठकमा सम्पुर्ण सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(३) वैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा वरिष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ।

(४) वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(५) वैठक सम्बन्धी अन्य कुराहरु मञ्च आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **बैठक आयोजना खर्चः** बैठकको खर्च आयोजना व्यवस्थापन कार्यालयले मिलाउनेछ।

१२. **मन्त्रालयको निर्णय अन्तिम हुनेः** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम कार्यान्वयनका दौरानमा कुनै विवाद सिर्जना भए मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

१३. **विविध कार्यहरुः** (१) राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा सरोकारवाला विचारविमर्श मञ्च स्थापना गरी सरकार र सरोकारवालाहरु बीच छलफल तथा परामर्श गर्नमा सहयोग पुर्याउने ।

(२) लक्षित मूल्य श्रृङ्खलाका पात्रहरुबीच विचारविमर्श मञ्चमा मूल्य, मापदण्ड र नियम जस्ता विषयमा छलफल गर्ने ।

(३) पशुपालकहरुलाई जलवायु सुहाउँदो पशुपालन प्रविधि अपनाउन सहयोग पुर्याउने।

(४) सरोकारवाला विचारविमर्श मञ्चले सदस्यहरुबीच भएको द्वन्द्वलाई हटाउन सहयोग गर्ने।

१४. **कार्यक्रम अवधिः** आयोजना अवधिभर हुनेछ।

१५. **संशोधनः** यस कार्यविधिमा मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

१६. **अमान्य हुनेः** कार्यक्रम कार्यान्वयनका दौरानमा यस कार्यविधिमा उल्लेख भएको कुरा प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।